चितवन जिल्लाको भण्डारामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना २७ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर २६ गतेदेखि २८ गतेसम्म चितवन जिल्लाको भण्डारामा "ब्यवसायिक गाई तथा भैंसीपालन तालिम" सम्पन्न गरेको संस्थाका भण्डारा शाखाका शाखा प्रमुख बिष्णु बहादुर कुँवरले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु रुद्र कुमार श्रेष्ठ, प्रेम राज घिमिरे रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत परमेस्वर चौधरीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत भण्डारा शाखाका प्रमुख बिष्णु बहादुर कुँवरले गर्नुका साथै तालिमको उद्देश्य तथा महत्वको बारेमा संस्थाका कार्यक्रम अधिकृत परमेश्वर चौधरीले प्रकाश पारेका थिए ।

तालिममा नेपालमा पशु पंक्षिको महत्व, गाई भैंसीको स्थानीय र उन्नत जात, गोठ निर्माण, सुधार तथा ब्यवस्थापन ,रोगी र निरोगी पशु, गाई भैसीलाइ लाग्ने आन्तरीक परजिवी तथा वाहय परजिवी बारे जानकारी र रोकथाम उपचार विधि, नश्ल सुधार, पशु बिमा तथा फर्म दर्ता, कृतिम गर्भदान र यसको फाईदा, बाँझोपन थुनेलो लगायत गाइ भैसीमा लाग्ने रोगहरुबारे जानकारी र रोकथाम उपायहरु, स्थानिय तहमा पशुको दाना तथा पोषिलो घाँस बनाउने सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने भण्डारा शाखाका शाखा प्रमुख बिष्णु बहादुर कुँवरले बताएका थिए ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्थाहो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । भैंसीपालन गरी रहेकार गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान,

सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका भण्डारा शाखाका प्रमुख बिष्णु बहादुर कुँवरले जानकारी गराएका थिए ।
तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी सानुमाया सार्की, सहभागी अप्सरा भण्डारीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा गाई तथा भैंसीपालन गरेमा राम्रो फाईदा लिन यस तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । गाई तथा भैंसीपालन गरी रहेका गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत परमेश्वर चौधरीले जानकारी गराएका थिए । तालिमको संचालन भण्डारा शाखाका प्रमुख बिष्णु बहादुर कुँवरले गरेका थिए ।